**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।११।१४ गतेको ४७ औं बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश देउखुरी दाङ्गले मिति २०८० साल माघ १५ गतेका दिन प्रकाशन गरेको सूचना अनुसार यस तिनाउ गाउँपालिकाले मुख्यमन्त्री नवप्रवर्तन साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि अवधारणा पत्र/प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश मार्फत तिनाउ गाउँपालिकामा संचालन हुने नवप्रवर्तन साझेदारी कार्यक्रम नियमित रुपमा संचालन, अनुगमन तथा व्यवस्थापनका लागि तपशिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| | | |
|---|---|---|
| (क) | श्री प्रेम श्रेष्ठ, अध्यक्ष | - संयोजक |
| (ख) | श्री लालबहादुर थापा, उपाध्यक्ष | - सदस्य |
| (ग) | श्री लेखबहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | श्री टोमबहादुर पुन, वडा अध्यक्ष, वडा नं. ६ | - सदस्य |
| (ङ) | श्री इन्द्र चिदी, वडा अध्यक्ष, वडा नं. ५ | - सदस्य |
| (च) | श्री तुल बहादुर आले, वडा अध्यक्ष, वडा नं. ४ | - सदस्य |
| (छ) | श्री प्रदीप भण्डारी, कृषि प्राविधिक | - सदस्य |
| (ज) | श्री मिन बहादुर लम्बतरी, पशु प्राविधिक | - सदस्य |

३. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा खर्च हुने कुल रकमको ३० प्रतिशत रकम यस तिनाउ गाउँपालिकाले व्यहोर्ने निर्णय प्रतिवद्धता सहित गरियो ।

४. चालु आर्थिक वर्षबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश र यस गाउँपालिकाको संयुक्त साझेदारीमा संचालन गरिने साथै नवप्रवर्तनका लागि साझेदारी कार्यक्रम संचालनका लागि आगामी वर्षहरुमा पनि निरन्तरता दिन यस गाउँपालिकाबाट रु. २५ लाखका दरले बजेट प्रतिवर्ष छुट्याउँदै कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

५. डि.पि.आर मा भएको योजना माग गर्ने निर्णय गर्ने ।

६. यस गाउँपालिकाका सबै जनप्रतिनिधीहरुका लागि अभिमुखिकरण कार्यक्रम मिति २०८०।११।२७ र २८ गते पोखरामा राखिएकोले मिति २०८०।११।२७ गते यस गाउँपालिकाको सबै वडामा जनप्रतिनिधिबाट हुने कामहरु नहुने हुँदा सबै नागरिकहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।११।१४ गतेको ४७ औं बैठकका निर्णयहरुः**

७. मिति २०८०।११।१५ गते राष्ट्रिय मगर दिवस परेकोले यस गाउँपालिकाको शैक्षिक संस्था, स्वास्थ्य संस्था, वडा कार्यालयहरु तथा सबै सरकारी संस्थाहरुमा स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

८. यस गाउँपालिकाको वडा नं. ४ स्थित सत्यवती मन्दिर ताल संरक्षण विकास समितिको नाममा अवैधानिक रसिद बनाई नगद संकलन गर्ने कार्यमा संलग्न भएको तिनाउ गाउँपालिका वडा नं. ४ बस्ने श्री छविलाल दर्जिको छोरा श्री नर बहादुर दर्जि मुन्द्रे भन्ने नरेश दर्जिलाई आवश्यक कार्वाही गर्न जिल्ला प्रशासन कार्यालय पाल्पा र जिल्ला प्रहरी कार्यालय, पाल्पामा लेखि पठाउने निर्णय गरियो ।